# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३।०८४

प्रेस विज्ञप्ति नं. :४७०

मिति: २०८३।०४।२० गते।

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

## लागु औषध कारोवारमा प्रविधिको प्रयोग, Ride Sharing मार्फत डेलिभरी

भुजाको बोरामा लागु औषध खैरो हेरोईन लुकाई सप्तरीबाट काठमाण्डौ आउने हाइसमा पठाई मोटरसाइकल बाट निगरानी गर्दै काठमाण्डौ सम्म ल्याई काठमाण्डौमा लागु औषध माग गर्ने ब्यक्तिहरुलाई Indrive मार्फत रकम पठाउन लगाउने र रकम प्राप्त गरे पश्चात फेरी अर्को Indrive बुक गरी लागु औषध डेलिभरी गरिदिने तथा Indrive मार्फत डेलिभेरी भएको लागु औषध रिसिभ गर्ने ब्यक्तिले गोंगबु मित्रनगर स्थित गेष्ट हाउसमा बसी लागु औषध खैरो हेरोईन बिक्री गर्दै आएका गिरोहका ३ जना व्यक्तिलाई मिति २०८३।०४।१४ गते यस ब्यूरोबाट खटिएको प्रहरी टोलीले खैरो हेरोईन ४३ ग्राम सहित पक्राउ गरी पक्राउ प्रतिवादीहरु उपर सम्मानित अदालतबाट म्याद थप गरी अनुसन्धान भई रहेको ।

**निम्न :-**

❖ **पक्राउ प्रतिवादीहरुको विवरण :**

१. जिल्ला ओखलढुङ्गा खिजी देम्बा गा.पा. वडा नं. ७ ठेगाना भएका वर्ष ३४ को हित बहादुर बस्नेत
*(गेष्ट हाउसबाट लागु औषध खैरो हेरोईन बिक्रीवितरण गर्ने)*

२. जिल्ला सप्तरी राजगढ गा.पा. वडा नं. ७ ठेगाना भएका वर्ष १९ को रामकृष्ण शर्मा
*(भक्तपुरमा डेरा गरी बसी Indrive मार्फत लागु औषध पठाउने)*

३. जिल्ला धनुषा जनकनन्दिनी गा.पा. वडा नं. ३ ठेगाना भएका वर्ष २१ को धनन्जय पासवान
*(रामकृष्ण शर्मा लाई खैरो हेरोईन बिक्री गर्ने)*

❖ **बरामद सामानहरुको विवरण :**

१. लागु औषध खैरो हेरोईन ४३ ग्राम
२. डिजिटल तराजु थान २
३. मोबाइल थान ११
४. नगद रु. ५०,०००।–

**नोट:-**

- पक्राउ परेका प्रतिवादीहरु स्कुल बसको चालक (हित बहादुर बस्नेत) देखी IT Engineer पढ्दै गरेको (धनन्जय पासवान) सम्म रहेको ।
- खरिदकर्ता र बिक्रेता बिच ५ पटक सम्म लागु औषधको किनबेच हुँदा समेत निजहरु ऊऊ Face to Face नभएका ।

**प्रवक्ता/सुचना अधिकारी**
**( दुर्गा राज रेग्मी )**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]